# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २८८ | काठमाडौं | बुधबार, ३० माघ २०८१ | Prabhab National Daily | Wednesday, February 12, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# भूमिसम्बन्धी अध्यादेशको विपक्षमा जसपा नेपाल

- राष्ट्रघात गर्ने प्रावधानहरु अध्यादेशमा रहेको ठहर
- राष्ट्रियसभाबाट अध्यादेश पारित नभए स्वत: निष्क्रिय हुने

■ **जेबी योञ्जन**

**काठमाडौं–** राष्ट्रियसभामा निर्णायक रहेको जनता समाजवादी पार्टी (जसपा) नेपालले भूमिसम्बन्धी अध्यादेशलाई अस्वीकार गरेको छ । संसद्को दुवै सदनमा भूमिसम्बन्धी अध्यादेश स्वीकृतका लागि प्रस्ताव पेस भए विपक्षमा उभिने जसपा नेपाल संसदीय दलले निर्णय गरेको छ। दलको यो निर्णयसँगै भूमिसम्बन्धी अध्यादेश राष्ट्रियसभाबाट स्वीकृत नहुने निश्चितजस्तै भएको छ । स्वीकृत नभएको अवस्थामा अध्यादेश स्वत: निष्क्रिय हुने प्रावधान छ।

प्रतिनिधिसभामा दुईतिहाइ बहुमत रहेको कांग्रेस-एमालेको सरकार अब झनै अध्यादेशको अप्ठ्यारो झेल्न बाध्य भएको छ । यसअघि यही २४ माघमा दुवै सदनमा अध्यादेश स्वीकृतिका लागि प्रस्ताव पेस गर्ने कार्यसूची थियो। तर राष्ट्रियसभामा अल्पमतमा परेपछि अध्यादेश स्वीकृतसम्बन्धी प्रस्ताव नै अघि बढाउन सरकारले सकेन । सरकारमा रहेका दुई दल कांग्रेस र एमालेले जसपा नेपालले लिने अध्यादेशबारेको निर्णय कुरिरहे । अन्तत: मंगलबार सरकारले ल्याएको छ मध्ये भूमिसम्बन्धी अध्यादेशको विपक्षमा उभिने जसपा नेपालले निर्णय लिएको हो । बाँकी पाँचवटा अध्यादेशको पक्षमा उभिने निर्णय गरेको उपाध्यक्ष राजकिशोर यादवले बताए ।

'मेरै संयोजकत्वमा अध्यादेश अध्ययन कार्यदल थियो। कार्यदलले अध्यादेशहरूको गहन अध्ययन गर्‍यो। पाँचवटा अध्यादेशको पक्षमा उभिने र भूमिसम्बन्धी अध्यादेशको भने विपक्षमा उभिने निर्णय गर्‍यौं,' उनले प्रभावसँग भने ।

राष्ट्रियसभाबाट अध्यादेश पारित हुन ३० जना सांसदको समर्थन चाहिन्छ । जहाँ कांग्रेसका १६, एमालेका १०, राष्ट्रपतिबाट मनोनीत दुई र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का एक गरी २९ जना सांसद छन्। तर, मनोनीतमध्येका सांसद वामदेव गौतमले अध्यादेशको पक्षमा उभिने कि नउभिने भन्ने प्रस्ट पारेका छैनन्। हालै एमालेमा जान तम्तयार देखिएका उनलाई प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओलीले अन्तिममा बेवास्ता गरे । त्यसपछि रुष्ट हुँदै उनले एमालेमा कहिल्यै नजाने भनिसकेका छन् । यसले गर्दा उनी अध्यादेशको पक्षमा उभिनेमा शंका उत्पन्न भएको छ ।

यदि, अध्यादेशको विपक्षमा उभिए सत्तापक्षको राष्ट्रियसभामा सांसद संख्या २८ जना हुने छ। त्यो भनेको बहुमतका लागि दुई जना सांसद अपुग हो । उता विपक्षमा नेकपा माओवादी केन्द्रका १७, एकीकृत समाजवादीका आठ र राष्ट्रिय जनमोर्चाका एक गरी २६ सांसद छन् । उपेन्द्र यादव नेतृत्वको दल जसपा नेपालले भूमिसम्बन्धी अध्यादेश स्वीकारेको खण्डमा स्वीकृत हुने अवस्था छ । तर, उक्त अध्यादेश अस्वीकार गर्ने पक्षमा उभिएकाले दुवैतिर समान २९-२९ सांसद हुने छन् । त्यस्तो अवस्थामा राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले मत दिनुपर्ने हुन्छ । उनी राष्ट्रपतिबाट मनोनीत भएको माओवादी केन्द्रबाट हो । त्यसैले उनको मत विपक्षमा जाने छ ।

क्रमश: पृष्ठ २ मा



यो अध्यादेश पारित भएको खण्डमा केही भ्रष्टाचारी, कमिसनखोर, बिचौलिया दलाल, सरकार नजिक रहेका व्यक्तिहरु, भूमाफिया र ठूला रियल स्टेट व्यापारीहरूका साथै आवास कम्पनीहरूलाई अत्यधिक लाभ हुने छ । चुरियामा बस्ती बसाउने ढोका अध्यादेशले खोलेकाले त्यहाँ बस्ती बनाए मधेस मरूभूमिमा परिणत हुन सक्छ ।

■ **उपेन्द्र यादव**
अध्यक्ष, जसपा नेपाल



मेरै संयोजकत्वमा अध्यादेश अध्ययन कार्यदल थियो । कार्यदलले अध्यादेशहरूको गहन अध्ययन गर्‍यो । पाँचवटा अध्यादेशको पक्षमा उभिने र भूमिसम्बन्धी अध्यादेशको भने विपक्षमा उभिने निर्णय गर्‍यौं ।

■ **राजकिशोर यादव**
उपध्यक्ष, जसपा नेपाल

# सदनमा विपक्षीको आक्रोश नियमावली मिचेपछि अवरोध

- माघ १५ गते बनाएको कार्यतालिका अनुसार मंगलबारको कार्यसूचीमा भ्रष्टाचारसम्बन्धी विधेयक पारित हुनुपर्नेमा समय छैन भन्दै कार्यसूची हटाएकोमा माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले आपत्ति जनाए
- माओवादीमाथि बारम्बर क्यान्टोनमेन्ट प्रश्न उठेको उल्लेख गर्दै माओवादी सांसद जनार्दन शर्माले यसबारे पनि छानबिन गर्न कसैले नछेकेको तर्क पेस गरे
- मंगलबार कांग्रेस सांसद रामहरि खतिवडाले बोलेपछि सदन अवरूद्ध भयो । शून्य समयमा बोलेका खतिवडाले रास्वपा सभापति रवि लामिछानेलाई लक्षित गर्दै अभिव्यक्ति दिएपछि विरोध सुरू भएको थियो ।



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले सदनको अपहेलना गरेको विपक्षी दलहरूले आरोप लगाएका छन् । मंगलबार प्रतिनिधिसभाको बैठकमा प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले सरकारले कार्यसूचीमा जनताका कुरा नराखेर सदनको अपहेलना गर्न थालेको आरोप लगाएका हुन् ।

माघ १५ गते बनाएको कार्यतालिका अनुसार भ्रष्टाचारसम्बन्धी विधेयक पारित हुनुपर्नेमा 'समय छैन' भन्दै कार्यसूची हटाएकोमा पाण्डेले आपत्ति जनाए । 'हामीले छलफल गरेरै आज भ्रष्टाचार विधेयक पारित गर्ने कार्यसूची थियो । तर, आज सरकारले समय छैन भनेर अन्तिम समयमा कार्यसूची हटाइयो । संसद्ले सरकारले जहिले जे-जे भन्यो त्यहीअनुसार चल्ने हो कि ? जनताका प्रतिनिधि भएको संस्थाले बनाएको कार्यसूची सरकारले पनि पालना गर्नुपर्ने होइन ?,' उनले प्रश्न गरे ।

संसदीय समितिबाट पारित भएर आएको विषयमा सरकारले वास्ता नै नगरेको पाण्डेको तर्क थियो । 'बारम्बर यो विषयमा उठाउँदा पनि सम्बोधन भएन । विगतका सरकारले भ्रष्टाचारको विषयमा कुरा उठाएको थियो । यो सरकारले त कार्यसूची नै हटाएको छ यसबारे छलफलको,' पाण्डेले भने ।

माओवादी सांसद जनार्दन शर्माले अध्यादेशको विषयवस्तुमा आफूहरूको विरोध रहेको बताए । 'अध्यादेश ल्याउन हुँदैन भन्ने होइन, ल्याउन मिल्छ तर त्यसभित्र के-के आयो भन्ने प्रश्न छ । त्यसले कालोबजारी बढ्छ कि भन्ने जनतालाई आतंक छ,' शर्माले भने, 'सबै सरकारी सम्पत्ति बाँडिन्छ कि भन्ने छ, ल्याउन नपाइने होइन तर, सत्तापक्षलाई भन्छु, मिठो कुरा पनि हतारमा खान खोजियो भने घाँटीमा अड्कियो भने त्यसको अर्थ हुँदैन । आज अध्यादेश कहाँ अड्किएको छ ? अध्यादेश घाँटीमा अड्केको हड्डीजस्तै भएको छ । त्यसलाई निकाल्नुपर्‍यो ।'

क्रमश: पृष्ठ २ मा

## रामहरिले बोलेपछि सदन अवरुद्ध



मंगलबार कांग्रेस सांसद रामहरि खतिवडाले बोलेपछि सदन अवरुद्ध भयो । सभामुखको आसनमा रहेकी उपसभामुख इन्दिरा रानामगरले शून्य समय सकेर पनि खतिवडालाई बोल्न दिएपछि सदनमा विरोध सुरु भएको थियो । खतिवडाले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेलाई लक्षित अभिव्यक्ति दिएपछि विरोध भएको हो ।

रास्वपाका सांसद गणेश पराजुलीले खतिवडाले बोलेको कुरा सदनको रेकर्डबाट हटाउन माग गर्दै नियमापत्ति जनाए । 'सरकार पक्षको रवैया अति भयो । न त आकस्मिक समय हो न त शून्य समय हो ? कसरी समय दिनुभयो,' पराजुलीले भने । खतिवडाले लामिछानेको नाम नलिए पनि अघिल्लो गृहमन्त्रीले प्रहरीमा बेथिति भित्र्याएको, १६ महिना जुनियरलाई बढुवा गरेको, मोलतोल गरेर सरुवा भएकोजस्ता आरोप लगाएका थिए । 'नेपाल प्रहरीलाई दुरूपयोग गरेको भन्ने सुन्नमा आएको छ । को गृहमन्त्री हुँदा देखेका थियौ । १ नम्बरकोलाई प्रमोसन नगरेर १५ नम्बरकोलाई प्रमोसन गरेको,' खतिवडाले भने, 'आइजीलाई निर्दोष छ भनेर कानेखुसी गरेको सुनियो ।'

क्रमश: पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# संघको निर्वाचन सार्ने निर्णयविरूद्ध जिल्ला प्रशासनमा निवेदन

- आठवटा संस्थाले दर्ता गरे संयुक्त निवेदन
- फागुन २ गते नै निर्वाचन गराउन माग

■ **ममता थापा**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको साधारणसभा तोकिएकै मितिमा सम्पन्न गराउन माग गर्दै व्यवसायीहरू जिल्ला प्रशासन कार्यालयमा पुगेका छन् । संघमा आबद्ध विभिन्न आठवटा संस्थाले निर्वाचन सार्ने संघको निर्णय खारेजीको मागसहित मंगलबार जिल्ला प्रशासन कार्यालय काठमाडौंमा संयुक्त निवेदन दर्ता गराएका हुन् ।

निवेदनमा उनीहरूले संघको निर्वाचनसहितको साधारणसभा सार्ने निर्णय कार्यान्वयन नगराउन र यसअघि तोकिएको मिति फागुन २ गते नै सम्पन्न गराउन प्रशासनबाट संघलाई निर्देशन दिन माग गरेका छन्। नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार एसोसिएसन, एकीकृत वैदेशिक रोजगार व्यवसायी संस्था नेपाल, नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च, नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति, तराई वैदेशिक रोजगार व्यवसायी समाज, नेपाल वैदेशिक रोजगार तमुधी समाज, नेपाल वैदेशिक रोजगार तामाङ समाज र नेपाल वैदेशिक रोजगार मगर समाजका प्रतिनिधिले संयुक्त क्रमश: पृष्ठ २ मा



**वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचन सार्ने निर्णयविरुद्ध हस्ताक्षर संकलन गर्न मंगलबार आठवटा संस्थाले आयोजना गरेको भेलामा सहभागी व्यवसायी ।** *तस्बिर: युनिस राई/प्रभाव*

## आज प्रमुख जिल्ला अधिकारीलाई हस्ताक्षर बुझाउने

यसैबीच संघको निर्वाचन सार्ने निर्णयप्रति असन्तुष्ट व्यवसायीहरूले आज जिल्ला प्रशासन कार्यालयमा हस्ताक्षर बुझाउने भएका छन् । फागुन २ गते नै निर्वाचन हुनुपर्ने माग गर्दै प्रशासनमा निवेदन दर्ता गराएका संस्थाहरूले मंगलबार संयुक्त भेला आयोजना गरी व्यवसायीहरूको हस्ताक्षर संकलन गरेका छन्।

वर्तमान कार्यसमितिमाथि समयमा साधारणसभा नगर्ने, अडिट रिपोर्ट नदिने, व्यवसायीको कुरा नसुन्ने, कार्यकाल सकिए पनि आफू नै भइरहनुपर्छ भन्ने स्वार्थपूर्ण व्यवहार देखाउने गरेको आरोप लागेको छ। जिल्ला प्रशासनले यसमा न्याय दिलाउने विश्वास व्यवसायीहरूको छ । मंगलबारको भेलामा २५० भन्दा बढी व्यवसायीले हस्ताक्षर गरेका र आज (बुधबार) थप व्यवसायीको क्रमश: पृष्ठ २ मा




पृष्ठ १ बाट

## सदनमा विपक्षीको...

माओवादीमाथि बारम्बर क्यान्टोनमेन्टको विषयमा प्रश्न उठेको उल्लेख गर्दै शर्माले यसबारे पनि छानबिन गर्न तयार रहेको बताए । 'यो रोस्ट्रमबाट मैले पनि धेरै चोटी भनेको छु, छानबिन गरौं । शक्तिशाली आयोग बनाऔं । क-कसले गरेको भन्ने कुरा त्यहाँ पुष्टि हुन्छ नि त ? गर्न किन आँट नगर्ने ? त्यो आँट गरौं भनिएको छ । क्यान्टोनमेन्टको होस् वा अरू कुनै कुराको होस्, छानिबन गरेर अघि बढौं न,' उनले भने ।

एमाले सांसद ईश्वर रिजालले क्यान्टोनमेन्टको विषयमा प्रश्न उठाएपछि शर्माले यसको जवाफ दिएका हुन् । 'प्रतिपक्ष दलको नेता, पूर्वप्रधानमन्त्री क्यान्टोनमेन्टमा जानुहुन्छ । क्यान्टोनमेन्टमा गएर त्यहाँ आफ्ना लडाकुहरूलाई आफ्नो विद्रोहको तयारी गर्दैछौं भन्नुहुन्छ, सेनाको संख्या घट्यो तपाईहरू भन्नुहुन्छ त्यहाँ । होइन सेनाको संख्या बढाएका छौं । हामी सबैलाई थाहा छ । हामी युद्धको बेलामा सात हजार थियौं भन्नुहुन्छ । तर हामीले शान्ति प्रक्रियामा आइसकेपछि ३५ हजार पुऱ्याऔं भन्नुहुन्छ । अनि ३५ हजारको भेरिफिकेसन १९ हजारमा आयो भन्नुहुन्छ । अहिले हामी सात हजारबाट १९ हजार भयौं,' रिजालले प्रश्न गरेका थिए ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसदहरूले सामाजिक सञ्जाल विधेयकको विरोध जनाए । यस विधेयकविरुद्ध युवाहरू विरोधमा उत्रिसकेको दाबी गर्दै रास्वपा सांसद सुमना श्रेष्ठले यस्तै भए गुठी विधेयकको विरोधमाझैं जनता सडकमा उत्रने चेतावनी दिइन् । 'आज अनलाइनमा युवा उत्रिसकेका छन् । यो डिजिटल हस्ताक्षर गरेर उनीहरूले विधेयक फिर्ता हुनुपर्ने माग राख्दै विरोध जनाएका छन् । कि गुठी विधेयकको विरोधमा जस्तै जबसम्म जनता सडकमा उत्रिँदैनन्, सरकारले नसुन्ने हो ?'

■■■

## रामहरिले बोलेपछि ...

दुई मिनेट समय पाएको खतिवडाले भने आफ्नो धारणा जारी राखे । उनले लामिछानेको विपक्षमा वकालत गरेका अधिवक्ता दिनेश त्रिपाठीमाथि रास्वपाका नेता कार्याकर्ताले हात हालेको घटना पनि स्मरण गराए । 'बहस गर्ने वकिललाई गालामा हान्दै सडकमा घिस्याएको देखियो । अदालतमा मुद्दा चल्दै गर्दा बाहिर जिन्दावादको नारा लाग्यो,' खतिवडाले आरोप लगाए ।

त्यसपछि भने रास्वपाका सांसदहरू सबैले बोल्ने समय मागे । तर उपसभामुख रानामगरले आकस्मिक समयमा बोल्न दिन छुटेकाले खतिवडालाई बोल्न दिइएको प्रस्ट पारिन् । तर रास्वपाका सांसदलाई माओवादीसहित विपक्षी दलले पनि साथ दिए । माओवादी प्रमुख सचेतक हितराज पाण्डेले यस विषयमा प्रस्ट पार्न भन्दै विरोध जनाए र विपक्षीले सदन अवरोध जारी राखे । 'संसद् नियमावलीअनुसार चलिरहेको छैन । कुन नियमावलीअन्तर्गत बोल्न दिइयो ? हामीलाई जवाफ चाहिन्छ,' पाण्डेले भने । विशेष समयअघि खतिवडालाई बोल्न दिएको भन्दै प्रतिपक्षले विरोध जारी राखेपछि सभामुख देवराज घिमिरे आइपुगे । घिमिरेले पटक-पटक सदन अवरोध हटाउन निर्देशन दिए पनि विपक्षीले नमानेपछि सदन १५ मिनेटका लागि स्थगित भएको थियो ।

### फागुन ४ गते प्रधानमन्त्रीसँग प्रश्नोत्तर

प्रतिनिधिसभामा प्रधानमन्त्रीसँग सांसदहरूको प्रश्नोत्तर हुने भएको छ । सभामुख घिमिरेले फागुन ४ गतेका लागि प्रधानमन्त्रीसँग प्रश्नोत्तर कार्यक्रम तय गरेका हुन् । प्रधानमन्त्री ओलीसँग प्रश्न सोध्न चाहने सांसदहरूले माघ ३० गते ४ बजेभित्र संसद् सचिवालयमा प्रश्न लिखितरूपमा बुझाउनुपर्ने छ ।

■■■

## भूमिसम्बन्धी...

अध्यादेश संसद्मा टेबुल भएको भने यही १८ माघमा हो । त्यसदिन दुवै सदनमा सरकारले सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाह, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी, निजीकरण ऐन (२०५०) लाई संशोधन गर्न बनेको अध्यादेश, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी अध्यादेश, सहकारीसम्बन्धी अध्यादेश र भूमिसम्बन्धी अध्यादेश संसद्मा टेबुल गरेको थियो । भूमिसम्बन्धी अध्यादेशले आन्तरिक बसाइँसराइ तथा आप्रवासनमा अत्यधिक वृद्धि गर्ने र त्यसले भविष्यमा आन्तरिक द्वन्द्वको सिर्जना भई मुलुकलाई नै छिन्नभिन्न पार्ने खेल हुनसक्ने जसपा नेपालका अध्यक्ष यादवको दाबी छ । विभिन्न बहानामा विभिन्न व्यक्तिलाई जग्गाको परिमाणको सीमा तथा क्षेत्रसमेत नतोकि बिक्री वितरण गर्ने वा बाँड्न अध्यादेश ल्याएको पनि उनको टिप्पणी छ । सोही कारण अध्यादेशप्रति जसपा नेपालको गम्भीर असहमति र विरोध रहेको उनले बताएका छन् ।

उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'अध्यादेशले घरजग्गा व्यवसाय, अव्यवस्थित बसोबास, जग्गा विकास गरी घडेरी वा त्यस्तो घरेडीमा घर निर्माण गरी बिक्री वितरण गर्ने भनी सार्वजनिक जग्गा, नदी, खोला वा नहर किनारको जग्गा, वन, राष्ट्रिय निकुञ्ज तथा आरक्षणको जग्गा, गौचर, हाटघाट वा बजारको जग्गा, सडक छेउको जग्गा, वन क्षेत्र वा मध्यवर्ती क्षेत्र जनिएको जग्गा, बुटयान क्षेत्र जनिएको जग्गाका साथै राष्ट्रिय वनजंगल अतिक्रमण गरी, फडानी गरी अवैधरूपमा बसोबास गर्ने व्यक्तिहरूलाई बाँड्नेलगायतका कार्यहरूबाट वन विनास भई पर्यावरण र जैविक विविधता नष्ट हुन्छ ।'

भूमिसम्बन्धी ऐनमा २०७८ माघ २८ गते गरिएको आठौं संशोधनले गरेकोभन्दा पनि दायरा फराकिलो हुनेगरी भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थितलाई जग्गा वितरण गर्न र ठूला रियल स्टेट व्यवसायीलाई लाभ पुग्नेगरी अध्यादेश ल्याइएको भन्दै जसपाको आपत्ति छ । अध्यादेश जस्ताकोतस्तै स्वीकृत भए चुरे क्षेत्रमासमेत यसबाट गम्भीर असर पर्न जाने जसपा नेपालका अध्यक्ष यादवले बताए । उनले तराई-मधेस मरुभूमीकरणमा परिणत हुने भन्दै चिन्ता प्रकट गरे । 'यो अध्यादेश पारित भएको खण्डमा केही भ्रष्टाचारी, कमिसनखोर, बिचौलिया दलाल, सरकार नजिक रहेका व्यक्तिहरू, भूमाफियाहरू र ठूला रियल स्टेट व्यापारीहरूका साथै आवास कम्पनीहरूलाई नै अत्यधिक लाभ हुने छ र चुरियामा बस्ती बसाउने ढोका अध्यादेशले खोलेकाले त्यहाँ बस्ती बनाए मधेस मरुभूमिमा परिणत हुन सक्छ,' उनले भने ।

सरकारले संसद् चालु नभएको बेला छ वटा अध्यादेश ल्याएको थियो । त्यसमध्ये भूमिसम्बन्धी अध्यादेशलाई यसअघि राष्ट्रपति रामचन्द्र पौडेलले रोकेका थिए । तर, प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिस्थापन विधेयकमार्फत अध्यादेशको केही व्यवस्था संशोधन गरिने बताएका थिए । त्यसपछि उक्त अध्योदश जारी भएको हो । तर, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा एकीकृत समाजवादीलगायत दलहरूले अध्यादेशको विरोध गरेका छन् । त्यसमाथि सत्ता गठबन्धनमै रहेको दल जसपा नेपालले भूमिसम्बन्धी अध्यादेशको विपक्षमा उभिने निर्णय गरेको हो ।

■■■

## संघको निर्वाचन...

निवेदनमा हस्ताक्षर गरेका छन् । संघको वर्तमान कार्यसमितिले निर्वाचन सार्न गरेको निर्णय संस्थाको विधानविपरीत रहेको निवेदनमा उल्लेख गरिएको छ । 'संघको विधानको दफा १५ (क) र १९ (छ) अनुसार कार्यसमितिको पदावधि दुई वर्ष हुने स्पष्ट वैधानिक व्यवस्था हुँदाहुँदै करिब छ महिना कार्यकाल लम्ब्याउने बदनियतले मात्र यो संघको साधारणसभा मिति पटक-पटक पर धकेलिएको स्पष्ट छ,' जिल्ला प्रशासन कार्यालयमा दर्ता गरिएको निवेदनमा भनिएको छ, '...संघको साधारणसभा सार्ने निर्णय विधान तथा कानुनसम्मत नभएको कारण गलत मनसायबाट आएको निर्णय त्यस कार्यालयबाट खारेज गरी अगाडि बढिरहेको निर्वाचन प्रक्रियासहितको साधारणसभालाई निरन्तरता प्रदान गरी सम्पन्न गर्नू भनी निर्देशन दिनुहुन अनुरोध छ ।'

यसअघि संघको निर्वाचनसहितको साधारणसभा फागुन २ गतेका लागि तय गरिएको थियो । सोहीअनुसार संघले निर्वाचनका कार्यक्रमसमेत अगाडि बढाएको थियो । संघको आगामी नेतृत्व र कार्यसमितिका लागि प्यानलसहितको उम्मेदवारी घोषणा भइ व्यवसायीहरू निर्वाचनमा होमिएका बेला माघ २७ गते अचानक निर्वाचन सार्ने निर्णय भएको थियो । उक्त दिनको कार्यसमिति बैठकले निर्वाचन असार १७ गते गर्नेगरी सार्ने निर्णय गरेको थियो । व्यवसायीहरू उक्त निर्णयप्रति असन्तुष्टि जनाउँदै प्रशासनसम्म पुगेका हुन् ।

संघका महासचिव मेघनाथ भुर्तेलले भने वर्तमान कार्यसमितिका केही अधुरा काम पूरा गर्न निर्वाचन सार्नुपरेको बताएका छन् । उनले संस्थाको विधानअनुसार नै निर्वाचन सारिएको र असार १७ मा सम्पन्न गर्ने जानकारी प्रशासनलाई दिइसकेको बताए । संघको भवन खरिद, सय संख्या खारेजी, सेवा शुल्कलगायतका विषय टुंग्याउनकै लागि निर्वाचन सार्नुपरेको दाबी वर्तमान कार्यसमितिको छ । निर्वाचन सार्ने निर्णय हुनुभन्दा अघिल्लो दिनमात्र नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्र निकट व्यवसायीहरूको तर्फबाट भुवनसिंह गुरुङको नेतृत्वमा संयुक्त प्यानल घोषणा भएको थियो । त्यसअघि नै नेकपा एमाले र एकीकृत समाजवादीनिकट व्यवसायीहरूको संयुक्त प्यानल घोषणा भइसकेको थियो । कांग्रेसनिकट लोकतान्त्रिक एसोसिएसनका कुमुद खनालले पनि छुट्टै प्यानल घोषणा गरेका थिए ।

■■■

## आज प्रमुख...

हस्ताक्षरसहित प्रमुख जिल्ला अधिकारीसमक्ष बुझाइने लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका महासचिव महेश बस्नेतले जानकारी दिए । उनले व्यवसायीलाई समस्या पर्दा छत्रछायाँ दिने संघ अपहरणमा परेको आरोप लगाए । 'संघ व्यक्तिको चाहनाअनुरूप नभइ विधानमा टेकेर चल्नुपर्छ । गत माघ ५ गते नै साधारणसभा हुनुपर्ने थियो तर कार्यसमितिले एक महिना पछि धकेल्यो । माघ ५ यता संघ अवैधानिक भइसकेको छ,' महासचिव बस्नेतले भने ।

गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसीले संघको वर्तमान कार्यसमितिले आफ्नो आयु आफैं लम्ब्याउनु विधानसम्मत नहुने बताए । साधारणसभा हुन नसकेको अवस्थामा २५ प्रतिशतको हस्ताक्षर लिएर निवेदन दिन सकिने विधानमा भएको व्यवस्था अनुसार हस्ताक्षर संकलन गरिएको उनले बताए । 'यत्रो दुई वर्षसम्म के गरेर बस्नुभयो ? यदि राम्रो काम गर्नुभएको छ भने व्यवसायीले त्यसको हिसाब राखेका छन्, फेरि चुनाव जितेर जानुहोस्,' जैसीले भने । तमुधी समाजका अध्यक्ष तीर्थ गुरुङले अब आउने नेतृत्वले बाँकी कामलाई अघि बढाउने बताए । अहिलेको नेतृत्वले भनेजस्तो भवन, सय संख्यालगायतका विषयमा काम गर्नु आवश्यक रहेको तर त्यो भन्दा पनि बढी के आवश्यक छ भनेर बुझ्न सुझाव दिए । 'यो हस्ताक्षर कसैको विरुद्धमा होइन, तोकिएको मितिमा साधारणसभा हुनुपर्छ भनेर हो,' उनले भने ।

राई वैदेशिक रोजगार समाजका वरिष्ठ उपाध्यक्ष अख्तर हुसेनले विधानविपरीत कार्यकाल लम्ब्याउन खोजेको भन्दै असन्तुष्टि पोखे । 'व्यवसायीको खोल ओढेर संघमा राजनीति प्रवेश गराएर निर्वाचन गर्न नदिने चलखेल भइरहेको छ, चुप बसेर हुँदैन,' उनले सजग गराए । त्यसैगरी नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समितिका अध्यक्ष हरिबहादुर पाण्डेले कसैको आलोचना गर्न नभइ व्यवसायी समस्यामा परेकाले यो बाटो रोज्नुपरेको बताए । व्यवसायीलाई ओत दिने संस्थाको विधान अपहरण भएकाले यसबाट बचाउन संघमा ताला लगाउन पनि तयार रहेको उनले बताए । 'यदि प्रधानमन्त्रीले आफूले अघि सारेको योजना सक्न नभ्याए यो काम गरेर मात्र कुर्सी छोड्छु भन्न पाउँछ ?,' पाण्डेले प्रश्न गरे ।


### कतारमा रोजगार

कम्पनी : IBRAHIM AL FAYAD TRADING

पूर्व स्वीकृति मिति : २०८१/०३/१९ पुन: विज्ञापन स्वीकृति मिति : २०८१/१०/२९ LT. No. 307040 चलानी नं. ६०२२२५८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equ. Driver | 2 | 0 | 1900 | ७३,११८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ८ गते (21st Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

### साउदीमा रोजगार

कम्पनी : BAWADER AL -THIQA TRADING EST.

पूर्व स्वीकृति मिति : २०८१/१०/२७ LT. No. 312842 चलानी नं. ६०२२७३७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKSHOP LABOR | 1 | 0 | 1000 | ३७,३६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ८ गते (20th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ARANIKO OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. 267/058/059
Kupondol-10, Kandevta sthan, Kathmandu, Nepal, Tel: +977 1 5455365/5010657/5010658,
Email: infoaraniko267@gmail.com, overseasaraniko@gmail.com Web: aranikooverseas.com

### साउदीमा रोजगार

कम्पनी : ETIMAD HUMAN RESOURCES COMPANY..

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ LT. No. 318681 चलानी नं. ६०२३२८७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 13 | 0 | 1200 | ४४,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ७ गते (19th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASLIYA MANPOWER SUPPLY PVT. LTD.
Kathmandu Metropolitian City-9, Gairigaun, Bagmati Province, Phone No. 9843148012, 9707934456

### युएइमा रोजगार

कम्पनी : SANKET ON DEMAND LABOR SUPPLY LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ LT. No. 318577 चलानी नं. ६०२३२८०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 80 | 800 | ३०,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ७ गते (19th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ACE RECRUITMENT Recruitment | Staffing | Consulting
Ace Recruitment Pvt. Ltd.
श्रम इजाजत नं. १६२६/०७९/०८०
Prakash Ashram Road, Near Int'l Airport, Kathmandu, Nepal, Tel: +977 1-5914502, 1-5914503, 9801316307, 9801316308
WhatsApp: +977 9801316307, Mail: cv.acenepal@gmail.com, jobs.acerecruitment@gmail.com, Web: www.acerecruitment.com.np

### युएइमा रोजगार

कम्पनी : AL MARFAA AL THAHABI CONCRETE CARPENTER CONT

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ LT. No. 318600 चलानी नं. ६०२३२८२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 4 | 1200 | ४५,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Carpenter Assistant | 3 | 0 | 1200 | ४५,७७५ | | | | | | | |
| 3 | Steel Worker/steel Fixer | 3 | 0 | 1200 | ४५,७७५ | | | | | | | |
| 4 | Stone Mason | 3 | 4 | 1200 | ४५,७७५ | | | | | | | |
| 5 | Tile Layer | 2 | 0 | 1200 | ४५,७७५ | | | | | | | |
| 6 | Tile Layer Assistant | 2 | 0 | 1200 | ४५,७७५ | | | | | | | |
| 7 | Wood Turner | 3 | 0 | 1200 | ४५,७७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ७ गते (19th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Broadway Overseas Employment Service Pvt. Ltd.
Govt. License 378/059/060
Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368, Mobile: 9851116030, 985-1023153, 9810318569, 9851149772, 9851071774

### साउदीमा रोजगार

कम्पनी : FACTORY GLOD KHARAZAH FOR MANUFACTURING

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ LT. No. 318633 चलानी नं. ६०२३२८२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cobbler | 3 | 0 | 1200 | ४४,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ७ गते (19th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

बुधबार, ३० माघ, २०८१

| | |
|---|---|
| मेष | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव । |
| वृष | दिगो कामको जग बसाउन सकिने छ । |
| मिथुन | रमाइलो जमघटमा सहभागी बन्ने अजसर । |
| कर्कट | व्यस्तताले शरीरमा कमजोरी पना आउने । |
| सिंह | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने । |
| कन्या | साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने । |
| तुला | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ । |
| वृश्चिक | तत्काल फाइदाले परिस्थिति बिग्रने छ । |
| धनु | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने । |
| मकर | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ । |
| कुम्भ | सुखद् समाचारले उत्साह जगाउन छ । |
| मीन | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

३० माघ, २०८१ (१२ फेब्रुअरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३९.५९ | १४०.१९ |
| युरो | १ को | १४४.१६ | १४४.७८ |
| पाउन्ड स्टिर्लङ | १ को | १७३.२४ | १७३.९८ |
| स्विस फ्रैन्क | १ को | १५३.४४ | १५४.१० |
| अस्ट्रेलियन डलर | १ को | ८७.५४ | ८७.९२ |
| क्यानाडियन डलर | १ को | ९७.६५ | ९८.०७ |
| सिङ्गापुर डलर | १ को | १०३.०३ | १०३.४७ |
| जापानी येन | १० को | ९.२२ | ९.२६ |
| चिनियाँ युआन | १ को | १९.१५ | १९.२३ |
| साउदी अरब रियाल | १ को | ३७.२२ | ३७.३८ |
| कतारी रियाल | १ को | ३८.२८ | ३८.४५ |
| थाई भाट | १ को | ४.१२ | ४.१४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३८.०० | ३८.१७ |
| मलेसियन रिङेट | १ को | ३१.४४ | ३१.५७ |
| दक्षिण कोरियन वन | १०० को | ९.५९ | ९.६३ |
| स्विडिस क्रोनर | १ को | १२.७६ | १२.८१ |
| डेनिस क्रोनर | १ को | १९.३२ | १९.४१ |
| हङकङ डलर | १ को | १७.९२ | १७.९९ |
| कुवेती दिनार | १ को | ४५२.०५ | ४५४.०० |
| बहराइन दिनार | १ को | ३७०.२७ | ३७१.८६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# वन्यजन्तुमैत्री पूर्वाधार निर्माणमा जोड



**काठमाडौं (प्रस)-** सांसदहरूले वन्यजन्तुमैत्री पूर्वाधार निर्माण गरिनुपर्नेमा जोड दिएका छन् । मंगलबार संघीय संसद्, राष्ट्रियसभा, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको २६२औं बैठकमा राष्ट्रिय निकुञ्जहरूसँग सम्बन्धित नीतिगत समस्याहरूको समाधान सम्बन्धमा प्राप्त सुझावहरूमाथि छलफलका क्रममा उनीहरूले वन्यजन्तुको सुरक्षाका लागि वन्यजन्तुमैत्री पूर्वाधार निर्माण गरिनुपर्ने बताए ।

समितिका सभापति मायाप्रसाद शर्माले आवश्यकताका आधारमामात्रै निकुञ्जमा पूर्वाधार निर्माण गर्नुपर्ने बताए । 'विकासको नाममा संरक्षण क्षेत्र विनाश हुने किसिमले नीतिगत व्यवस्था लागू गर्नुहुँदैन । संरक्षण गर्ने भनेर मात्र पनि हुँदैन । विकास मंगलबारको आवश्यकता हो,' उनले भने, 'विकास र वातावरणलाई सन्तुलन गरेर अघि बढ्नुपर्छ ।'

सांसद मदनकुमारी शाहले संरक्षण क्षेत्रभित्र वन्यजन्तुमैत्री पूर्वाधार निर्माणसम्बन्धीका नीति कडाइका साथ लागू गर्न सरकारलाई निर्देशन दिनुपर्ने बताइन् । सांसद रेनु चन्दले निकुञ्ज क्षेत्रभित्र वन्यजन्तु आवतजावतलाई सहज बनाउन 'अन्डरपास' र 'ओभरपास'का लागि पूर्वाधार निर्माण गर्नुपर्ने बताइन् । सांसदहरू नरबहादुर विष्ट, श्रीकृष्णप्रसाद अधिकारी, युवराज शर्मा, सुमित्रा विसी, गोमादेवी तिमल्सेना, रुक्मिणी कोइराला, बलदेव बोहोरा, पदमबहादुर परियारले निकुञ्ज क्षेत्रमा पूर्वाधार निर्माण गर्दा वातावरणमैत्री हुनुपर्नेमा जोड दिएका थिए ।

# 'एचपिभी खोपबारे फैलाइएका भ्रममा विश्वास नगरौं'

**काठमाडौं (प्रस)-** पाठेघर मुखको क्यान्सरविरुद्धको 'एचपिभी' खोपबारे फैलाइएका भ्रममा विश्वास नगर्न आग्रह गरिएको छ । स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाको बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा. अभियान गौतमले खोपसम्बन्धी केही नकारात्मक भ्रम फैलाइएकाप्रति ध्यानाकर्षण भएको जनाउँदै त्यसमा विश्वास नगर्न आग्रह गरे ।

उनले भने, 'खोप विश्व स्वास्थ्य संगठनले सुरक्षित र प्रभावकारी भनेर पुष्टि गरिसकेको छ । कतिपयले परीक्षणका लागि खोप लगाइएको भनेर भ्रम छरिरहेका छन्, त्यो सत्य होइन । यो सुरक्षित र प्रभावकारी भएकाले ढुक्कले लगाउन अनुरोध छ ।'

फागुन ६ गतेसम्म चल्ने अभियानका क्रममा एक साताको अवधिमा देशभर ६२ प्रतिशत खोप 'कभरेज' देखिएकोसमेत शाखा प्रमुख गौतमले जानकारी दिए । 'खोपबाट कोही नछुटुन् भन्ने हाम्रो लक्ष्य हो । अभियान सन्तोषजनक रूपमा चलिरहेको छ । खोप लगाएकाहरूमा सामान्य ज्वरोबाहेक नकारात्मक असर देखिएको छैन,' उनले भने ।

डा. गौतमकाअनुसार मंगलबारसम्म देशभर १० लाख ३७ हजार ९०८ जनाले खोप लगाएका छन् । विद्यालय केन्द्रित यो निःशुल्क खोप अभियान माघ २२ गतेदेखि सुरु गरिएको हो ।

प्राप्त जानकारीअनुसार कोशी प्रदेशमा ७१.१ प्रतिशत, मधेसमा ४१.४, बागमतीमा ६०.८ र गण्डकीमा ७१.३ प्रतिशत खोप लगाइएको छ । यसैगरी लुम्बिनी प्रदेशमा ६८.६, कर्णालीमा ६३.६, सुदूरपश्चिममा ७५.१ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ७५.१ प्रतिशत खोप कभरेज भएको शाखाको उपलब्ध तथ्यांकमा छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले करिब १७ लाख अर्थात् १६ लाख ८८ हजार ७६८ जना किशोरीलाई खोप दिने लक्ष्य राखेको छ । विद्यालयमा अध्ययन गर्ने कक्षा ६ देखि १० सम्मका छात्रा र विद्यालय नजाने १० देखि १४ वर्ष उमेरका किशोरीलाई खोप दिइँदै छ ।

# खरखरेभिरको पहिरो रोकथाममा ढिलाइ

**लमजुङ-** बेँसीसहर-चामे सडकअन्तर्गत बेँसीसहर नगरपालिका-६ स्थित खरखरेभिर पहिरो रोकथाममा ढिलाइ भएको छ । करिब आठ महिनादेखि जारी पहिरो रोकथामको काम अझै सम्पन्न हुनसकेको छैन । यहाँ गत असारयता निर्माण कार्य ठप्प छ ।

संघीय सरकारको १६ करोड ४८ लाख रूपैयाँमा खरखरेभिरमा पहिरो रोकथामका लागि निर्माण कार्य हुँदै आएको थियो । निर्माणमा संलग्न निर्माण व्यवसायीले बीचमै काम छाडेका छन् । यसबाट स्थानीय तथा पर्यटकलाई समस्या भएको छ । डुम्रे-बेँसीसहर-चामे सडक योजना कार्यालयका सूचना अधिकारी नवीन विष्टले भने, 'पहिरो रोकथामको काम जटिल रहेको कारण देखाउँदै काम बन्द गरिएको छ ।'

भौगोलिक बनावट कठिन हुँदा काम गर्दा माथिको डाँडा नै खस्न सक्ने अवस्था छ । यसअघि निर्माण गरिएको सडकमाथिको संरचना पनि भत्किएको छ । सडकको हालसम्म जम्मा ३२ प्रतिशतमात्र प्रगति भएको सूचना अधिकारी विष्टले बताए । उक्त खण्डमा ३०० मिटर पर्खाल सडक ढलान गर्नुपर्ने देखिन्छ । अझै ८० मिटर सडक ढलान गर्न बाँकी रहेको छ । सो काम सम्पन्न भएपछि पहिरो रोकथाम हुने सूचना अधिकारी विष्टको भनाइ छ ।

पहिरो रोकथाम नहुँदा सो सडक भएर यात्रा गर्न जोखिम भएको बेँसीसहर नगरपालिका-६ का कृष्णबहादुर आलेले बताए । 'यात्रा गर्दा कतिबेला माथिबाट ढुंगामाटो तथा पहिरो खस्ने हो भन्ने डर रहन्छ । सडकबाट चिप्लिए सीधै मर्स्याङ्दी नदीमा पुग्ने खतरा छ,' उनले भने ।

विश्व चर्चित चक्रीय अन्नपूर्ण पदमार्गमा पर्ने उक्त ठाउँको पहिरो हुँदै पर्यटक आवतजावत गर्छन् । बेँसीसहर-६ का वडाध्यक्ष प्रकाश थापाले भने, 'यहाँ हिँड्दाहिँड्दै पहिरो खस्छ, जोखिम छ, धेरै गाह्रो छ । अझ बर्खायाममा बढी समस्या तथा जोखिम हुने गरेको छ ।' पहिरोभन्दा माथि २४-२५ परिवार रहेको फाँटगाउँ छ । पहिरोले बस्ती भेट्न करिब ५०० मिटर मात्र बाँकी छ ।

कार्यालयका अनुसार खरखरेभिरका लागि बोलपत्र आह्वान गरेर २० करोड रूपैयाँ लागत अनुमान गरिएकामा १६ करोड ४८ लाख रूपैयाँमा निर्माण सम्पन्न गर्नेगरी खरीढुंगा गोल्मेस्वर जेभीले कामको जिम्मा लिएको थियो । सम्झौताअनुसार २०८० मंसिरभित्र काम सम्पन्न हुनुपर्ने हो । तर काम सम्पन्न हुन नसक्दा २०८२ मंसिरसम्मका लागि म्याद थप गरिएको कार्यालयले जनाएको छ ।

मनाङ जिल्लालाई सडक सञ्जालसँग जोड्ने सरकारको योजनाअनुसार २०५१ सालदेखि सडक डिभिजन कार्यालय दमौली, तनहुँले निर्माण सुरु गरेको थियो । वि.सं. २०५७ देखि नेपाली सेनाले सो सडक बनाउने जिम्मा पाएको थियो । सेनाले २०६९ सालमा सडक निर्माण पूरा गरी डिभिजन सडक कार्यालय दमौलीलाई हस्तान्तरण गरेको थियो । ६५ किलोमिटर रहेको उक्त सडक लमजुङतर्फ ३५ र मनाङतर्फ ३० किलोमिटर पर्छ । यो सडक खरखरे भिरको पहिरोको कारण अवरुद्ध हुँदै आएको छ । सो स्थानमा करिब सात वर्षदेखि पहिरो जान थालेको हो । *रासस*


## शुक्लाफाँटा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
झलारी, कन्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८१।१०।३०)

यस कार्यालयबाट वार्ड न.१२, शौचालय निर्माण कार्ये लागि बिधुतिय खरिद प्रणालिको (इ बिडङ) माध्यमबाट मिति २०८१।०९।२६ गतेका दिन बोलपत्र आवहान गरिएकोमा उक्त ठेक्काको लागि पेश हुन आएका बोलपत्रहरुमध्ये निम्न बोलपत्रदाताको बोलपत्र यस कार्यालयको बोलपत्र मूल्यांकन समितिले परीक्षण एवं मूल्यांकन गरी सिफारिस गरे अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा २५ को उप-दफा (८) अनुसार न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही रही स्वीकृतका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित बोलपत्र दाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर र पि एस बाहेक) |
|---|---|---|---|---|
| १ | SMP/2080/081/NCB/BG/24 | वार्ड न.१२ शौचालय निर्माण | १ श्री भट्ट ब्रदर्स निर्माण सेवा, दशरथचन्द न.पा १, बैतडी | २१५२३३९.०६ |

कार्यालय प्रमुख



## सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बिराटचौक, मोरङ
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृती आशयको सूचना

(सूचना प्रकाशन मिति: २०८१/०७/३०)

यस कार्यालयको मिति २०८१/०८/२७ गते सौर्य र मिति २०८१/०९/१० प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार रितपुर्वक दर्ता हुन आएका बोलपत्रदाताका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकिंत सारभूतरुपमा प्रभावग्राही रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतीको लागि छनौट गरीने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजानार्थ सम्बन्धित सबैको जानकरीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| बोलपत्रको विवरण | स्वीकृतका लागि छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.कर र पिएस समेत) |
|---|---|---|
| SHM/MOR/NCB/G/16/2081/082, Procurement of Supply and Delivery of Medicines and Surgical items, Sundarharaicha | फिगो मेडिसिन सप्लायर्स, काठमाडौं | रू. २७७८६७८.४५ (रू सत्ताइस लाख अठहत्तर हजार छसय अठहत्तर रुपैया पैतालिस पैसा मात्र) (भ्याट समेत) |
| SHM/MOR/TMPP/NCB/W/19/2081/082, Construction Works of JCI Gachhiya Samudayik Bhawan and Training Center, Sundarharaicha-03 | हरीना निर्माण सेवा, श्रीपुर ३ सप्तरी | रू रू. ४३३७०४४.१६(रू त्रिचालिस लाख सैतिस हजार चौवालिस रुपैया सोह्र पैसा मात्र) |



## माईग्रेशन हरायो
यही मिति २०८१/१०/१५ गते तिलगँगा देखि चाबहिल सम्म जाँदा मेरो निम्न व्यहोरा भएको माईग्रेशन सर्टिफिकेट हराएकोले फेला पार्नुहुने महानुभावले निम्न फोन नं. वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु ।

नाम: सरिता खड्का
ठेगाना: काठमाण्डौं
सिम्बोल नं.: ९२७४२७८८
रजिष्ट्रेशन नं.:८०३२७०३६०४०७
सम्पर्क नं.: ९७४५६७०९५१



बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
## पर्यटन विकास आयोजना इकाई कार्यालय काठमाडौं
नयाँ बानेश्वर, काठमाडौं

### बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

प्रकाशित मिति: २०८१/१०/३०

यस इकाई कार्यालयको मिति २०८१/०९/१४ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको ठेक्का नं. को कार्य सञ्चालनार्थ e-GP मार्फत बोलपत्र आव्हानका लागि सूचना प्रकाशित गरिएकोमा नियमानुसार पेश भएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई मुल्यांकन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम यस आयोजनाको मिति २०८१/१०/२९ गतेको निर्णय बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| IFB No. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | जम्मा कबोल रकम रु. |
|---|---|---|---|
| MOCT/TDPUOK/W/NCB/081/82-01 | Construction of physical infrastructure at Kabir Satsang Ashram Kathmandu-10, Ram Mandir (Bairagi Akhada), Kathmandu-11 and Construction of Sattal at Rato Kumari Mandir Premises, Kathmandu-11 | विष्णु कन्स्ट्रक्सन, भक्तपुर | ४२,८४,८०८.६९ (भ्याट र पी.एस. समेत) |



## बतासचुली निर्माण एण्ड सप्लायर्स प्रा.लि. को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेको सूचना

कम्पनी ऐन, २०६३ वमोजिम मिति २०७८/०८/१९ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा **बतासचुली निर्माण एण्ड सप्लायर्स प्रा.लि.** को नाममा दर्ता भएको (प्रा.लि.नं. २७८८२६) कम्पनीलाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८१/१०/२८ गते बसेको संस्थापक तथा सञ्चालक शेयरधनीहरुको विशेष साधारण सभाले खारेजी गर्ने विशेष निर्णय पारित गरेको हुनाले यस कम्पनीले तिर्न व्यहोर्न पर्ने कोही कसैको बाँकी बक्यौता लेनादेना आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय का.जि., का.म.न.पा. वडा नं. २९ अनामनगरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

श्री राजु गुरुङ्ग
लिक्वीडेटर
इजाजत पत्र नं. ६२३
लिक्वीडेटरको कार्यालय, का.जि., का.म.न.पा. वडा नं. २९, अनामनगर
सम्पर्क नं. ०१-४१०२६४४, मो.नं. ९८५१०४००६६
ईमेल : rjgurung29@gmail.com



## युएइमा रोजगार
कम्पनी : R O H I T CONTRACTING L.L.C.
पूर्व स्वीकृति मिति : २०८१/१०/२९ | LT. No. 318645 | चलानी नं. ६०२३२८७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ELECTRCIAN | 1 | 0 | 1500 | ५७,२२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 2 | 0 | 1100 | ४१,९६० | | | | | | | |
| 3 | Shuttering Carpenter | 4 | 0 | 1200 | ४५,७७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ७ गते (19th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mobhira Overseas Service Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054

## युएइमा रोजगार
कम्पनी : CONNECT RESOURCES L.L.C
पूर्व स्वीकृति मिति : २०८१/१०/२७ | LT. No. 318583 | चलानी नं. ६०२३२७९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 25 | 0 | 900 | ३४,३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 25 | 0 | 1219 | ४६,५०२ | | | | | | | |
| 3 | DOMESTIC ELECTRICIANS | 25 | 0 | 1282 | ४८,९०५ | | | | | | | |
| 4 | Electrician (Industrial) | 25 | 0 | 1440 | ५४,९३२ | | | | | | | |
| 5 | Female Cleaner | 0 | 25 | 1300 | ४९,५९१ | | | | | | | |
| 6 | Mason | 25 | 0 | 1282 | ४८,९०५ | | | | | | | |
| 7 | Masseurs | 0 | 25 | 3000 | १,१४,४४२ | | | | | | | |
| 8 | Steel Fixer | 25 | 0 | 1219 | ४६,५०२ | | | | | | | |


अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ७ गते (19th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Yovant Recruitment Services PVT. LTD.)
श्रम इजाजत नं. १६५२/०८०/०८१
Samakhushi-26, Kathamndu, Nepal Phone No.01-4973973
Mob : 9815015291, 9849842264, 9851019844, 9769359609, yovant1652@gmail.com

## साउदीमा रोजगार
कम्पनी : Saqr Al-Jazeera Company for Industry Trade and Contracting
पूर्व स्वीकृति मिति : २०८१/१०/२८ | LT. No. 318626 | चलानी नं. ६०२३२८४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 5 | 0 | 1100 | ४१,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ७ गते (19th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


S.R. GROUP HR CONSULTANCY PVT LTD (Access Partner Manpower Pvt Ltd)
Govt.Lic. No 1123/073/74
Sinamangal-9, Kathmandu, Nepal, T: 01-4110700/ 9841516281
Email:- admn.srgrpup@gmail.com, Web: www.srgroupsa.com

## युएइमा रोजगार
कम्पनी : AL TASWEEQ CLEANING AND MAINTENANCE L.L.C
पूर्व स्वीकृति मिति : २०८१/१०/२९ | LT. No. 318591 | चलानी नं.६०२३२८३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TILE LAYER | 50 | 0 | 1200 | ४५,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ७ गते (19th Feb. 2025) मा हुनेछ ।
नोट: यसै कम्पनीमा Shuttering Carpenter, Steel Fixer, Mason तथा Labour आवश्यकता भएकोले इच्छुक महानुभावहरूले परामर्शको लागि सम्पर्क गर्नुहोला ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


GLOBAL OVERSEAS SERVICES PVT. LTD
Opposite of Chirayu National Hospital, K.M.C. - 03, Basundhara, Kathmandu, Tel: 01- 4377864, 4371146
Email: info@globaloverseas.com.np, info.gos96@gmail.com, Web: www.globaloverseas.com.np
श्रम ईजाजत नं. ७९/०५२/५३

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# कन्सल्टेन्सीमाथि कानुनी दायरा बढाऊ

देशमा रोजगारी छैन । जसका कारण युवाहरू नयाँ–नयाँ श्रम गन्तव्यको खोजीमा छन् । यसरी नयाँ श्रम गन्तव्यको खोजीमा रहेका युवालाई आफ्नो जालोमा पार्न विभिन्न व्यक्ति, समूह र संस्थासमेत सक्रिय देखिन्छ ।

साठीको दशकमा म्यानपावर कम्पनी र यसका एजेन्टहरूबाटै वैदेशिक रोजगारीमा जानेहरू ठगिन्थे । यस्ताखालको ठूलै समस्या सिर्जना भएपछि सरकारले कडा कानुन बनाएर नियमन थाल्यो । वैदेशिक रोजगार व्यवसाय सञ्चालनका लागि म्यानपावरले धरौटीबापत एक करोड रूपैयाँ नगद र तीन करोड रूपैयाँ बैंक ग्यारेन्टी राख्नैपर्ने व्यवस्था भयो । जसकारण कुनै श्रमिक ठगिए त्यही धरौटीबाट क्षतिपूर्ति दिने व्यवस्था सुरू भयो । वैदेशिक रोजगार विभागलगायत नियमक निकायको कडाइका कारण म्यानपावर व्यवसायी यसखालको गतिविधिबाट टाढा हुँदै गए ।

म्यानपावर व्यवसायीले दक्ष श्रमिकमात्र पठाउन थालेसँगै जुनसुकै अवस्थामा जसरी पनि विदेश जाने युवाहरू शैक्षिक परामर्शको अनुमति लिएर खोलिएका कन्सल्टेन्सी धाउन थाले । कन्सल्टेन्सी यस्तो संस्था हो, जुन वैधानिकरूपमा युवालाई विदेश पठाउन पाउँदैन तर अवैध तवरले यो धन्दामा लागिरहेको छ । म्यानपावर कम्पनीलाई जसरी धरौटीको कुनै व्यवस्था कन्सल्टेन्सीलाई छैन । तर भाषाको पढाइ, म्यानपावरलेभन्दा पनि धेरै कमाइ हुने देशमा पठाइदिने भन्दै युवाहरूलाई तानिरहेको छ कन्सल्टेन्सीवालाले ।

निश्चित रकम जम्मा गर्न लगाउने, पूरा रकम नबुझाए गन्तव्य मुलुकमा नलगिदिने र कसैलाई उजुरी वा गुनासो गरे पैसा नै फिर्ता नदिनेसम्मको धम्की कन्सल्टेन्सीका सञ्चालकले दिन्छन् । यतिमात्र हैन, कतिपयको रकम ठगेर कन्सल्टेन्सीका सञ्चालकहरू फरारसमेत भएका छन् । नेपाली युवाको पछिल्लो आकर्षक गन्तव्य हो युरोपेली मुलुक । यी मुलुकमा जान युवाहरू जुनसुकै मूल्य चुकाउन तयार हुन्छन् । जसका कारण पनि कन्सल्टेन्सीबाट जति ठगिए पनि अवसर पाइन्छ कि भनेर सहेर पर्खिबसेका हुन्छन् । जब सञ्चालकहरू सम्पर्कमा आउँदैनन् तबमात्र उनीहरू उजुरी लिएर पुग्छन् सम्बन्धित निकायमा । यसरी ठगिने सयौं युवा छन् । ठगिएका उनीहरू एक त समाजमा खुलेर भन्न सक्दैनन् । दोस्रो आधिकारिक कागजपत्र नहुँदा आफैं समस्यामा पर्छन् ।

अहिले उपत्यकाका चोकबजारमा यस्ता कन्सल्टेन्सी छ्यापछ्याप्ती भेटिन्छन् । कतिपयले म्यानपावर सञ्चालकहरूले नै धेरै रकम धरौटी राखेर म्यानपावर सञ्चालन गर्नुभन्दा धरौटी नराखी कन्सल्टेन्सी चलाएर ठगी थालेको आरोपसमेत लाग्न थालेको छ । जस्तोसुकै गरे पनि ठगी ठगी नै हो । यस्तो धन्दामा लागेकाहरूलाई कडाभन्दा कडा कारवाही हुनैपर्छ । यसैगरी यस्ता ठगीबाट युवाहरूलाई जोगाउन कन्सल्टेन्सीलाई पनि कानुनी दायरामा ल्याउनुपर्छ, जसरी म्यानपावरलाई सामाजिक दायित्वअन्तर्गत नियमन गरिन्छ र करोड धरौटी राख्नुपर्ने कानुनी व्यवस्था गरिएको छ ।

## श्रम सरोकार

### तलब सुविधासम्बन्धी जानकारी

कामदारले पाउने तलब सुविधा रोजगारको करारनामामा उल्लेख गरिएको हुन्छ र वैदेशिक रोजगारमा जानुअघि अन्तरवार्ता हुँदा र पछि सम्बन्धित म्यानपावर कम्पनीले पनि बताएको हुन्छ । तर हाल प्रायः रोजगार गन्तव्य मुलुकहरूमा कामदारको न्यूनतम तलब बृद्धि भएको तर धेरैजसो रोजगारदाता कम्पनीहरू बढाइएको तलब दिन तयार नभइसकेको हुँदा वैदेशिक रोजगारमा दुईथरी करारनामा गरिने र फरक-फरक तलब सुविधा उल्लेख हुने गरेको पाइन्छ । यसमा हरेक कामदारहरू अत्यन्तै सजग र सचेत हुनुपर्दछ । सरकारले यस्तो दोहोरो करारनामा रोक्न खोजे पनि समस्याको पूरै निराकरण भइसकेको छैन ।

कामदार वैदेशिक रोजगारमा जानुअघि तलब सुविधाजस्ता सबै सर्त र नियमहरूमा स्पष्ट हुनुपर्दछ । जे भनिएको छ, त्यही कुरा करारनामामा उल्लेख भए/नभएको कामदार आफैंले पनि राम्रो जाँच गर्नुपर्दछ । यदि भनिएको तलब नै पाइँदैन भने त्यो ठगी हो । यसो भएमा उजुरी गरिहाल्नु राम्रो हुन्छ । उजुरी विदेशस्थित नेपाली दूतावासहरूमा पनि गर्न सकिन्छ तर त्यहाँ पुग्नुभन्दा पहिले रोजगारदाता कम्पनीलाई र पठाउने म्यानपावर कम्पनीलाई समेत भनिएको तलब फरक नपार्न, नठग्न र न्यायपूर्ण व्यवहार गर्न अनुरोध गर्नुपर्दछ । क्षतिपूर्ति सामान्यतयाः कामदारहरूले रकम बुझाएको रसिदका आधारमा दिइने हुँदा उक्त रसिदमा बुझाइएको वास्तविक रकम नघटाई उल्लेख गरिएको हुनुपर्दछ र सो रसिद कामदारले आफूसँगै अनिवार्य राखेको हुनुपर्दछ ।

अन्तर्राष्ट्रिय श्रम संगठनको नियमानुसार कुनै पनि रोजगारदाताले कामदारलाई दिनको आठ घण्टाभन्दा बढी काममा लगाउन पाउँदैन र खाडीलगायतका मुलुकहरूमा पनि यो नियमको पालना गर्दै आठ घण्टाभन्दा बढी काम गर्दा सबै रोजगारदाताले कामदारहरूलाई 'ओभरटाइम'को भुक्तानी दिनुपर्दछ, जुन सामान्य ज्यालादरभन्दा डेढी बढी हुन्छ । यसबाहेक सप्ताहन्तको छुट्टीको दिनमा काम लगाए पनि त्यो पूरै दिनको ओभरटाइम भुक्तानी दिनुपर्ने नियम हुन्छ । कतिपय म्यानपावर कम्पनीले कामदारलाई बढी तलब देखाउन ओभरटाइमको कामबाट हुने आम्दानीलाई समेत तलबमै जोडेर बढी तलब सुविधा बताउने हुँदा जाने व्यक्तिले सही ढंगमा बुझ्न जरूरी हुन्छ । खासगरी सिफ्ट प्रणालीमा काम गर्नुपर्ने रोजगारदाता कम्पनीहरूमा कामदारहरूले चाहेर पनि ओभरटाइमको काम गर्न पाइँदैन, पाए पनि अति थोरै पाउँछन् । कामदारले कम्पनीमा कुनै आर्थिक क्षति पुऱ्याए या कुनै ठूलै गल्ती, चोरी बदमासी गरेको प्रमाणित भए तलब रोक्का या कटौती हुनसक्दछ ।

# क्यान्सर रोकथामका लागि एचपिभी खोप अभियान



■ नेत्र सुवेदी

> एचपिभी खोप लैंगिकरूपमा संवदेनशील र पहिलो प्राथमिकतायुक्त कार्यक्रममात्र होइन कि हामी सबैको साझा अभियान पनि हो । नेपालमा पहिलोपटक २०८१ माघ २२ देखि फागुनको पहिलो हप्तासम्म यो खोप अभियानकै रूपमा सञ्चालनमा रहेको छ । पाठेघरको क्यान्सर गराउने भाइरसको दुई प्रजाति जसले उक्त क्यान्सर गराउन ९८ प्रतिशत भूमिका खेल्दछ ।

आउँदा दिनहरूमा सन्दर्भ फेरिएला तर वर्तमानमा भने पाठेघरको मुखको क्यान्सर अर्थात् सर्भिकल क्यान्सर नेपालमा जनस्वास्थ्य समस्याको रूपमा पहिचान भएको छ । नेपाली महिलालाई हुने विभिन्न क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर दोस्रो स्थानमा रहेको र क्यान्सर भएर मृत्यु हुनेको संख्यालाई केलाउँदा भने सर्वाधिक बढी मृत्यु हुने यो खालको क्यान्सर रहेको छ । यो रोग ह्युमन प्यापिलोमा भाइरस (एचपिभी) को संक्रमणका कारणले हुन्छ । यो भाइरस मानव शरीरमा २० वर्षको अवधिसम्म रह्यो भने क्यान्सर हुने बताइएको छ ।

सन् २०२२ मात्र एक वर्षमा नेपालमा २१६९ जनालाई एचपिभी संक्रमण भएको र तीमध्ये १३१३ को क्यान्सरको कारण मृत्यु भएको अभिलेखले देखाएको छ । यही प्रवृत्ति कायम रहँदा पनि दैनिक छ जना महिलालाई पाठेघरको क्यान्सर हुने र चार महिलाको ज्यान जाने देखिन्छ, जुन काम भयाभह अवस्था हैन । यस सन्दर्भमा अमूल्य मानव जीवनलाई जोगाइराख्नका लागि खोपको खोजी हुनु, सफल परीक्षण हुनु र आमरूपमा प्रयोगमा ल्याइनुलाई असल संयोग मान्नुपर्दछ ।

### एचपिभी खोप कस्तो खोप हो ?

एचपिभी खोप भनेको पाठेघरको मुखको क्यान्सर गराउने संक्रमणविरुद्ध दिइने खोप हो । भाइरस विभिन्न माध्यमबाट सर्ने भएता पनि रोगको हिसाबले क्यान्सर नसर्ने रोग हो । महिलाको ज्यानै जाने खतरनाक खालको क्यान्सरका रूपमा पाठेघरको मुखको क्यान्सरलाई मानिएको छ । साविकमा सर्ने रोगमा मात्र खोप केन्द्रित भएकोमा हाल आएर प्रमुख स्वास्थ्य जोखिमका रूपमा देखापरेको पाठेघरको मुखको क्यान्सरको कारक भाइरसविरुद्ध खोपबाट रोकथाम गर्न खोजिएको हो । अस्ट्रेलियन टेक्निकल एड्भाइजरी ग्रुप अन इम्युनाइजेसनले सन् २०१३ मा एक डोज भएको एचपिभी खोप सिफारिस गरेपछि एकल डोज खोप प्रयोगमा आएको छ । अरु खोपजस्तै यो खोपले पनि संक्रमणसँग प्रतिरक्षा प्रणालीद्वारा लड्न सहयोग गर्दछ । कथं कदाचित पूरै रोक्न नसके पनि रोगको गम्भीरतालाई घटाउँछ ।

विश्व स्वास्थ्य संगठनले सन् २००६ मा प्रमाणित गरी प्रयोगमा आउन सुरु भएको एचपिभी खोप हाल १४५ भन्दा बढी देशमा प्रयोगमा आएको छ । विगतमा नेपालमासमेत परीक्षण गरी सफल भएको आधारमा दिन थालिएको यो खोप सुरक्षित छ, प्रयोगकर्तालाई निःशुल्करूपमा उपलब्ध हुन्छ र जीवनरक्षा गर्दछ । यो वर्ष पहिलो वर्ष पनि भएको र १० देखि १४ वर्षसम्मका किशोरीलाई समेट्ने भएको हुँदा नेपालभर १६ लाख ८८ हजार ७६८ जनाले खोप लगाउने अनुमान छ । नेपालमा यो खोपलाई भित्र्याउनका लागि आर्थिक सहयोग गर्ने गाभीलगायतका संस्थाको सहयोगलाई सरहाना गरिनुपर्दछ किनकि नेपाली महिलाले भोग्दै आएको समस्याका लागि ढिलै भए पनि रोकथामको यो बाटो सम्भव भयो ।

### खोप अभियानको व्यवस्थापन

वास्तवमा एचपिभी खोप अभियानमा संघ, प्रदेश र स्थानीय तह तीनवटै तहका सरकारको सक्रिय सहभागिता रहने देखिन्छ । केन्द्रमा राष्ट्रिय खोप सल्लाहकार समिति रहेजस्तै प्रत्येक जिल्लामा जिल्ला समन्वय समितिका अध्यक्षको संयोजकत्वमा जिल्ला खोप समन्वय समिति रहने व्यवस्था छ, जसले खोप अभियानलाई सफल बनाउनका लागि समन्वय र सहजीकरण गर्ने गर्दछ । नेपाल सरकारको नीति तथा कार्यक्रमअनुरूप पहिलोपटक २०८१ माघ २२ देखि फागुन ६ सम्म राष्ट्रिय खोप कार्यक्रमअन्तर्गत यो खोप लगाउने कार्य अभियानकै रूपमा देशभर सञ्चालन भइरेको छ । यो वर्ष खोप दिइने १० देखि १४ वर्ष उमेरका बालिका तथा कक्षा ६ देखि १० सम्म अध्ययन गर्ने छात्रा रहने हुँदा मूलतः खोप अभियान विद्यालय केन्द्रित हुने अनुमान लगाउन सकिन्छ । नेपालमा यो वर्ष सिकोलिन नाम गरेको खोप दिइँदै छ । यो खोप बाँया पाखुराको मासुभित्र दिइन्छ । मुख्यगरी दुई अवस्थामा यो खोप नलगाउन भनिएको छ । पहिलो भनेको गर्भवती भएमा वा हुने सम्भावना छ भने र दोस्रो पहिलो खोप लगाएपछि एनाफाइलेक्सिस नामक एलर्जी देखापरेको छ भने त्यस्तो व्यक्तिलाई पुनः खोप दिनुहुँदैन ।

जिल्लामा रहेका स्थानीय तहको संख्या, भौगोलिक वितरणको अवस्था तथा सूचीकृत भएका बालिकाको संख्याअनुसार अभियान सञ्चालन हुने अवधि कम वा बढी हुन सक्छ । जस्तो कि बागलुङ जिल्लामा एचपिभी खोप यही माघ २२ देखि फागुन ३ सम्म सम्पन्न गर्नेगरी कार्यतालिका तय भएको छ । माघ २२ देखि २८ सम्म बागलुङ नगरपालिका, जैमिनी, वरेङ, गलकोट र ताराखोलामा लगाइएको छ भने बाँकी स्थानीय तह ढोरपाटन नगरपालिका, निसीखोला गाउँपालिका, वडिगाड गाउँपालिका र तमानखोला गाउँपालिकामा भने माघ २९ देखि फागुन ३ सम्म सञ्चालन हुनेगरी तय भएको छ । खोप अभियान नेपालका सबै जिल्लामा २०८१ माघ २२ विश्व क्यान्सर दिवसको दिनबाट सुरु भइसकेको छ, भने खोप लगाउन बालिकाको उत्साहजनक उपस्थिति रहँदै आएको सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् ।

### रोकथामका लागि खोप अभियान

पाठेघरको मुखको क्यान्सर रोगको निवारणका लागि विश्व स्वास्थ्य संगठनले तीनवटा स्वास्थ्य सेवाको गन्तव्य निर्धारण भएको अवस्था छ । पहिलो भनेको रोग लाग्ने अवस्था नै आउन नदिन प्रारम्भिक किशोरावस्था अर्थात् १० वर्षदेखि १४ वर्षसम्मका किशोरीलाई पाठेघरको मुखको क्यान्सर सिर्जना गर्ने एचपिभीविरुद्धको खोप दिनु हो भने दोस्रो भनेको ३० वर्षभन्दा माथिको उमेरका महिलालाई पाठेघरको मुखको क्यान्सरको परीक्षण (स्किनिङ) गर्नु हो जसमा उच्च गुणस्तरीय विधिबाट पाठेघरको मुखको परीक्षण गरी क्यान्सर भए/नभएको पत्ता लगाउनु हो अर्थात् निदान गर्नु हो भने तेस्रो भनेको यसरी पाठेघरको मुखको क्यान्सर निदान भएका व्यक्तिको उपचार गर्नु हो ।

उल्लिखित तीन सेवामध्ये दोस्रो र तेस्रो सेवा नेपालमा विगतदेखि नै उपलब्ध हुँदै आएको थियो भने यो वर्षदेखि पहिलो अर्थात् खोप अभियानमा एचपिभीविरुद्धको खोपलाई समावेश गरी अभियान सञ्चालन प्रारम्भ भइसकेको छ । प्रत्येक सेवामा उपलब्धि न्यूनतम् ९० प्रतिशत कायम गर्ने लक्ष्य राखिएको पनि छ । खोप अभियानमा एचपिभीविरुद्धको खोप समावेश गर्ने विषय चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममासमेत समेटिएको थियो ।

एचपिभी खोप यो वर्ष १० वर्षदेखि १४ वर्षसम्मका किशोरकिशोरी विद्यालयमा भए विद्यालयमै गएर र विद्यालयबाहिर भए पायक पर्ने खोप केन्द्रमार्फत यो खोप दिइँदै छ । यो वर्ष सबै किशोरीलाई लक्षित गरी खोप दिने र आगामी वर्षदेखि भने १० पूरा गरेका किशोरीलाई मात्र लक्षित गर्नेगरी खोप कार्यक्रम निर्धारण भएको छ । एकपटक लगाए हुने र एउटा खोपमा ०.५ मिलिलिटर बराबरको एक भायल मात्राका रूपमा हुने बताइएको छ ।

### खोप अभियानलाई प्रभावकारी कसरी बनाउने ?

देशकै समस्याका रूपमा बढिरहेको रोगको सिर्जना गर्ने भाइरसकाविरुद्ध दिने भएको हुँदा यो खोप अभियान जनताप्रति सरकारको संवेदनशीलता र जवाफदेहिताको एउटा उदाहरण पनि हो । अवश्य पनि यो सबैको सहयोगमा सम्पन्न गर्ने अभियान हो । खासगरी जोखिम समूहमा पर्ने सबै किशोरीका लागि यो अवसर पनि हो । सबैलाई खोपको दायरामा ल्याउनका लागि यो खोप सम्बन्धमा रहेका र रहनसक्ने भ्रम निवारण गर्न सक्नुपर्दछ ।

स्वास्थ्यकर्मी, शिक्षकशिक्षिका, सञ्चारकर्मीले यसका विभिन्न पक्षमा समाज परिवार र व्यक्तिको तहसम्म जानकारी उपलब्ध गराउन अगुवाइ गर्नुपर्ने हुन्छ । विभिन्न खाले मिडियाबाट प्रतिष्ठित चिकित्सकले एचपिभी खोप सम्बन्धमा सत्यतथ्य जानकारी गराउनु उपयुक्त हुन्छ । जिम्मेवारीमा रहेका व्यक्ति नै खोप केन्द्रमा पुग्नु र कोही छुटे/नछुटेको सम्बन्धमा फिल्डमा खटिएका व्यक्तिबाट विवरण माग गर्नु पनि यसप्रतिको चासोको प्रमाण हुनसक्छ ।

पहिलोपटक सञ्चालन हुन लागेको एचपिभी खोप अभियानलाई व्यवस्थित र संस्थागत रूप दिनका लागि एचपिभी खोप सेवा सञ्चालन निर्देशिका २०८१ समेत प्रयोगमा ल्याइएको छ । त्यसैगरी खोप अभियान सम्बन्धमा केही जिज्ञासा भए सोध्नका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निःशुल्क हेल्पलाइन 'हेल्लो स्वास्थ्य' को सम्पर्क नम्बर १११५ मा फोन गर्न वा नजिकको स्वास्थ्य संस्थामासमेत सम्पर्क राख्न सकिने देखिन्छ । सुरुमा नामावली संकलनदेखि खोप लगाइसकेपछिको अवस्थामा अनपेक्षित घटना भइहाल्यो भने सम्बोधनका लागि बालिका स्वयम्, अभिभावक र खासगरी स्वास्थ्यकर्मी निकै चनाखो हुनु जरुरी हुन्छ ।

एचपिभी खोप महिलासँग सरोकार राख्ने भएकोले यो खोप अभियानका बखत महिला स्वास्थ्यका अन्य आयामलाई समेत आबद्ध गर्ने सम्भावना रहन्छ । जस्तो कि किशोरावस्थाका बालिकामा महिनावारी सम्बन्धमा अन्योल हुनसक्ने, कौतुहलताका साथै यौनलाई हामीकहाँ आवश्यकभन्दा पनि बढी लज्जाको विषय पनि बनाइएको सन्दर्भमा एचपिभी खोप अभियानकै क्रममा पनि महिनावारी स्वास्थ्य र सरसफाइका लागि सचेतनासमेत सम्भव हुन्छ ।

महत्त्वपूर्ण कुरा त महिनावारी भएको अवधिमासमेत यो खोप लगाउन सकिने भनिएको छ । त्यस्तै प्रजनन अंगको सरसफाइ, स्यानिटरी प्याड तथा सुतिको कपडाको के कसरी प्रयोग गर्ने भन्ने विधि, महिनावारी भएको अवधिमा सम्भव हुने शारीरिक अभ्यासको जानकारी, प्रयोग गरिसकेका प्याड तथा कपडाको उचित विसर्जनको तरिका सम्बन्धमा व्यक्तिलाई विभिन्न प्रचार सामग्रीमार्फत र खोप लिइसकेपछिको उपलब्ध समयमा सामूहिकरूपमा जानकारी गराउँदा पनि प्रभावकारी हुने देखिन्छ ।

### निष्कर्ष

एचपिभी खोप लैंगिकरूपमा संवदेनशील र पहिलो प्राथमिकतायुक्त कार्यक्रममात्र होइन कि हामी सबैको साझा अभियान पनि हो । नेपालमा पहिलोपटक २०८१ माघ २२ देखि फागुनको पहिलो हप्तासम्म यो खोप अभियानकै रूपमा सञ्चालनमा रहेको छ । पाठेघरको क्यान्सर गराउने भाइरसको दुई प्रजाति जसले उक्त क्यान्सर गराउन ९८ प्रतिशत भूमिका खेल्दछ ।

ती प्रजातिलाई लक्षित गरेर सिकोलिन नामक भ्याक्सिन प्रारम्भिक किशोरावस्थाका बालिकालाई दिइँदै छ । रोग लागेपछि निदान र उपचारका लागि भौतारिनुभन्दा पनि रोग नै लाग्न नदिन यो उपाय प्रभावकारी रहने नै छ । खोपका सम्बन्धमा केही अन्योल वा भ्रम छ भने त्यसलाई चिर्दै खोप कार्यक्रमका अलावा द्रुत अनुगमनलाई समेत प्रभावकारी बनाउनु आवश्यक छ । सन् २०३० सम्ममा पाठेघरको मुखको क्यान्सरलाई जनस्वास्थ्य समस्या नरहने हदसम्ममा निवारण गर्ने विश्वव्यापी लक्ष्य हासिल गर्न हामी सबैले आ-आफ्नो क्षेत्रबाट ऐक्यबद्धता जनाऔं । एचपिभी खोप अभियान सफल पारौं । *रासस*

*(लेखक बागलुङका प्रमुख जिल्ला अधिकारी हुन्)*

# आम सहमतिमा संविधान संशोधन गर्दै जानुपर्छ



■ गरिमा शाह

राष्ट्रियसभामा आएको तीन वर्षका अवधिमा आफूले निर्वाह गरेको भूमिकाप्रति म सन्तुष्ट छु । आफ्नो योग्यता र क्षमताको हिसाबले सांसदको भूमिकामा महत्त्वपूर्ण समय दिएजस्तो लाग्छ । म हाल सार्वजनिक नीति प्रत्यायोजित तथा विधायन समितिको सदस्य छु ।

समितिमा रहेर अध्ययन गर्दा के देखियो भने ऐनभन्दा नियमावली ठूलो, नियमावलीभन्दा विनियमावली ठूलो अनि विनिमियावलीभन्दा कार्यविधि । पूरै अधिकार क्षेत्र नै पार गरेको पायौं । कर्मचारीले आफ्नो अनुकूल कसैको इच्छामा निर्देशिका, कार्यविधि, मापदण्ड बनाएका देख्यौं । प्रत्यायोजित विधायनको सन्दर्भमा छुट्टै एउटा कानुन बनाउनुपर्छ । यसका लागि कानुनले नै नियमन गर्नुपर्ने भनेर सरकारलाई निर्देशित गऱ्यौं ।

मैले प्रतिनिधिसभाको पनि अनुभव लिइसकेकी छु । संविधान बनाउँदा मस्यौदा कार्यदलमा पनि थिएँ । तर संविधानको मर्मअनुसार काम हुनसकेको देखिएको छैन । यसै सन्दर्भमा संविधानको पूर्णरूपमा कार्यान्वयन गर्नका लागि कानुन बने वा बनेनन् भन्नेमा विधायन समितिले अध्ययन गरेको थियो । उक्त अध्ययनको नतिजाले अझै पनि संविधान अनुकूलका कानुन नबनेको अवस्था देखाएको छ । जस्तै, शिक्षा विधेयक, निजामती विधेयक, नेपाल प्रहरी विधेयक थुप्रै विधेयक बाँकी नै रहेको स्थिति छ ।

अधिकार बाँडफाँटबारे संविधानले परिकल्पना गरेको छः न्यायपालिका, कार्यपालिका र विधायिका । पछिल्लो समयमा कस्तो देखिन्छ भने सरकारले संसद्लाई छायाँमा पार्न खोजेको हो कि भन्ने आभास हुन्छ । सांसदहरूले कानुन बनाएनन् भनेर एकातिर आलोचना खेप्नुपर्ने अर्कातिर कानुन बनाउने मुख्य मस्यौदाको जिम्मा जसलाई छ उसले नै जिम्मेवारी बहन नगरेको स्थिति छ । म भएको विधायन समितिले सरकारी आश्वासनको क्षेत्र पनि हेर्ने भएकाले सरकारले गर्छु भनेका थुप्रै काम हुन नसकेको प्रस्टै देखिएको छ ।

नेपालको सन्दर्भमा संघीयता नौलो अभ्यासका रूपमा रहेको छ । यद्यपि, कुनै पनि शासन प्रणालीलाई जब हामी अंगीकार गर्छौं त्यसलाई व्यवहार र अभ्यासमा लैजाँदै गर्दा कतिपय आउने अप्ठ्यारा र तदनुसार कानुनको माध्यमबाट सजिलो बनाउँदै लैजाने कुरा हो । गर्दै जाँदा त्यसरी नै परिपक्व हुँदै जाने हो । आएका अप्ठ्यारालाई सामना गर्दै जाने र हटाउँदै जाने हो । एउटा शासन व्यवस्थालाई राम्रो र सुदृढ बनाउने यसरी नै हो । तर संघीयता कार्यान्वयनका सन्दर्भमा राज्यसत्ता सञ्चालनकर्तामा अनिच्छा देखिएको छ । सञ्चालनकर्ता भनेपछि सरकारमात्र होइन । राज्यभित्र सबै पर्छन् । संसद्, सरकार, न्यायपालिका, राज्यको चौथो अंग सञ्चार क्षेत्रलगायत सबै पर्छन् । तर हाम्रो जुन मानसिकता छ त्यो कतै न कतै अझै संघीयतालाई भित्रैदेखि स्वीकार गर्न नसकिएको हो कि भन्ने लाग्छ । संघीय, स्थानीय र प्रदेशले गर्ने काम, कर्तव्यमा पनि धेरै अलमल छ । कानुनकै अभाव छ । कानुन बनाइसकेपछि कार्यान्वयनका क्रममा कहाँ अप्ठ्यारो भयो भन्ने ठाउँमा हुनुपर्ने हो । तर आ-आफ्नो अधिकार क्षेत्रमा रहेर त्यसलाई उपभोग गर्न पनि हामीले त्यस खालको वातावरण कानुनी ढंगले बनाउन सकेको स्थिति छैन । जस्तो कि शिक्षा विधेयककै कुरा गरौं । कानुनमा एउटा कुरा लेखिएको छ अभ्यासमा अर्कै छ । समितिमा छलफल भइरहेको छ । मस्यौदा एक किसिमको आउँछ, चाहना अर्को हुन्छ । विरोधाभाष छ ।

संविधान संशोधनको सन्दर्भमा संविधानलाई १० वर्षमा पुनरवलोकन गर्ने भनेर संविधानमै लेखेका छौं । हामीले १० वर्षमा संविधानले गरेका व्यवस्था कति सफल भए भनेर अवलोकन गर्ने हो । जुन कुरा कार्यान्वयन गर्नका लागि कानुन नै बनाएका छैनौं । त्यसलाई असफल वा सफल भयो भनेर कसरी भन्ने ? मेरो मनमा प्रश्न छ । समयअनुसार आवश्यकता पनि परिवर्तन भइरहेका हुन्छन् । जनताका इच्छा सम्बोधन गर्नका लागि पनि संशोधनको आवश्यकता हुन्छ । गलत नियतका साथ राज्यलाई निरंकुशतातर्फ धकेल्ने, जनताका अधिकार कटौती गर्ने, महिलाका अधिकार कटौती गर्ने, थारू, मधेसी, दलित, आदिवासी जनजातिका अधिकार कटौती गर्ने, संघीयतालाई नै खारेज गर्नेगरी वा अरु हिसाबले एक कदम पछाडि जाने गरी संविधान संशोधन हुन्छ भने त्यो प्रिय हुँदैन । ग्राहय पनि हुँदैन । एक कदम अघि बढ्नका लागि सबैको सहमतिमा क्रमशः संशोधन गर्दै जानुपर्छ ।

चाहे युवाको विदेश पलायन रोक्ने कुरा होस् वा आर्थिक समृद्धिका कुरा यी सबैका लागि पहिलो सर्त सुशासन नै हो । सुशासन भएन भने मुलुकमा रोजगारी सिर्जना र उत्पादन गर्न सक्दैनौं । युवाको विदेश पलायन पनि रोक्न सक्दैनौं । दुःखको कुरा के छ भने सरकार सुशासन कायम गर्नेभन्दा पनि नीतिगत भ्रष्टाचारलाई बढावा दिनेतर्फ केन्द्रित जस्तो देखिरहेकी छु । सुशासनका लागि राज्य व्यवस्था सञ्चालन गर्ने प्रमुख पदमा बस्ने व्यक्तिहरू नैतिकरूपले बाँधिएको हुनुपर्छ । उहाँहरू नै सदाचारी, नैतिक हुनुपर्ने हुन्छ ।

*(राष्ट्रियसभा सदस्य एवं नेकपा एकीकृत समाजवादी पार्टीकी नेतृ शाहसँग राससले गरेको कुराकानीमा आधारित)*

# 'प्रादेशिक अस्पताल भवन निर्माणमा कुनै समस्या नआओस्'



■ प्रभाव संवाददाता

**लुम्बिनी–** लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले लुम्बिनी प्रादेशिक अस्पतालको भवन निर्माण कार्यमा समस्या आउन नदिन सरोकारवालाहरूलाई निर्देशन दिएका छन् । मंगलबार अस्पतालको निर्माणाधीन भवनको अनुगमन गर्न पुगेका उनले निर्माण कम्पनी र अन्य सरोकारवालालाई उक्त निर्देशन दिएका हुन् ।

'यो प्रदेशको गौरवको आयोजना हो । प्रदेशले यसलाई उच्च प्राथमिकतामा राखेको छ, यसले समग्र प्रदेशको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने छ,' मुख्यमन्त्री आचार्याले भने, 'कुनै पनि अवस्थामा काममा समस्या नआओस् ।' प्रदेश सरकारले चालु आर्थिक वर्षमा उक्त भवन निर्माण गर्न एक अर्ब ८० करोड रूपैयाँ विनियोजन गरेको छ । अनुगमनका क्रममा मुख्यमन्त्री आचार्यले काम सन्तोषजनक देखिएको बताए । उनले यही आवमा २८ प्रतिशतसम्म काम सम्पन्न गर्ने जानकारी प्राप्त भएको बताए ।

प्रदेश पूर्वाधार विकास प्राधिकरणमार्फत छ अर्ब १८ करोड ७५ लाख रूपैयाँमा भवन निर्माण थालिएको थियो । प्रदेश पूर्वाधार विकास प्राधिकरणले भारतीय निर्माण कम्पनी क्याप साइट आशिष रेलिग्रेट भेञ्चर र नेपाली कम्पनी आशिष रेलिगसनसँग गत वर्षको पुस २६ गते भवन निर्माणको ठेक्का सम्झौता गरेको थियो । निर्माण सुरु भएको पाँच महिनामा १३ प्रतिशत भौतिक प्रगति भएको प्रदेश पूर्वाधार विकास प्राधिकरणका साइट इञ्चार्ज इञ्जिनियर शंकर सुवेदीले जानकारी दिए । सम्झौताअनुसार १२ तले उक्त भवन आगामी २०८५ सालको पुस मसान्तसम्ममा सम्पन्न गर्नुपर्ने छ ।

# 'एचपिभी खोप' अभियानमा वीरगञ्ज महानगरको लापरवाही

■ हिमाल लम्साल

**वीरगञ्ज (पर्सा)–** जिल्ला प्रशासन कार्यालयले किशोरीलाई महिलाको पाठेघरको मुखमा हुने क्यान्सरविरुद्धको 'ह्युमन प्यापिलोमा भाइरस' (एचपिभी) खोप लगाइने क्रममा लापरवाही भएकाले कमजोरी सच्याउन वीरगञ्ज महानगरलाई निर्देशन दिएको छ ।

महानगरभित्रै एउटा सामुदायिक विद्यालयको खोप केन्द्रमा खोप लगाउने क्रममा लापरवाही भएको जनाउँदै प्रशासनले कमजोरी सच्याउन वीरगञ्ज महानगरलाई निर्देशन दिएको हो । प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले वीरगञ्ज महानगरका प्रमुख प्रशासकीय अधिकृतलाई सोमबार पत्र लेखेर नेपाल राष्ट्रिय माध्यमिक विद्यालय नगवामा सञ्चालन भएको खोप कार्यक्रममा लापरवाही भएकाले सो खोप कार्यक्रम स्थगन गर्न पत्राचारसमेत गरेका छन् ।

'विद्यालयको खोप कार्यक्रम स्थगन गरी नौ बुँदे निर्देशनका विषय पूर्णकार्यान्वयनको सुनिश्चितता गरी आगामी दिनमा यस्तो लापरवाही नहुने कुराको सुनिश्चितता गरेरमात्र खोप कार्यक्रम सञ्चालन गर्नू/गराउनुहुन सूचित गरिएको छ,' प्रजिअद्वारा लेखेको पत्रमा भनिएको छ । खोप सञ्चालनपूर्व जिल्ला खोप समन्वय समितिको बैठकमा पूर्वतयारीलगायत विषयमा पनि छलफल भएको कुराकोसमेत ध्यानाकर्षण गराइएको छ ।

प्रजिअ नेतृत्वको अनुगमन टोलीले खोप लगाउने स्थानको सरसफाइमा ध्यान नदिएको, 'सेफ्टी बक्स'को व्यवस्था नगरिएको र 'भ्याक्सिन केरियर' तथा सिरिञ्जसमेत फोहोर भूइँमै राखेर खोप लगाइएको कमजोरी औंल्याएको छ । 'खोपस्थलमा न्यूनतम सावधानी, सरसफाइ, सुरक्षालगायत विषय उपेक्षित गरेको देखियो,' उक्त पत्रमा भनिएको छ, 'आइसप्याकलगायत सामग्री, कटन तथा निडललगायत स्वास्थ्य उपकरणको उपयुक्त तवरले प्रबन्ध नपाइएको छ ।'

सो अनुगमनका क्रममा खोप सञ्चालनपूर्व काउन्सिलिङ तथा खोपपश्चात् आराम गर्ने स्थलको प्रबन्ध नगरिएको र सहभागी किशोरीको नाम दर्ताका क्रममा विद्यालयका विद्यार्थीलाई प्रयोग गरिएको जनाएको छ । पर्साका १४ वटै पालिकाका ३८ हजार ५३७ जना किशोरीलाई एचपिभी खोप लगाउने कार्यक्रम छ । जिल्लामा सोमबारसम्म पहिलो चरणको खोप अभियान सम्पन्न भइसकेको छ । दोस्रो चरणको खोप अभियान भने माघ ३० देखि फागुन ६ गतेसम्म सञ्चालन गरिने छ । सो अभियानअन्तर्गत महानगरको १७ देखि ३२ वडा र अन्य छ पालिकामा लगाइने कार्यक्रम छ । जसमा ठोरी, पकहाँमैनपुर, कालिकामाई, धोबिनी, विन्दवासिनी, छिपहरमाई पालिका र बहुदरमाई नगरपालिकामा खोप अभियान सञ्चालन गरिने छ । *रासस*

# भरतपुरका छ स्थानमा 'ट्राफिक लाइट' राखिने

चितवन (प्रस)- भरतपुर महानगरपालिकाको मुख्य सहरी क्षेत्रका छ स्थानमा ट्राफिक लाइट जडान गरिने भएको छ । पुलचोक-गोन्द्राङ छ लेन र बाइपास सडकका मुख्य छ स्थानमा लाइट जडान गर्न लागिएको हो ।

भरतपुर महानगरपालिकाले मुख्य स्थानमा ट्राफिक लाइट जडानका लागि डिभिजन सडक कार्यालयलाई आग्रह गर्दै आएको थियो । सडक विभागको सडक सुरक्षा तथा ट्राफिक शाखाले ट्राफिक लाइट जडान गर्ने गर्दछ । शाखाका प्रमुख राकेश महर्जनका अनुसार छ लेन सडकको पुलचोक, सहिदचोक, चौबिसकोठी, हाकीमचोक र केन्द्रीय बसपार्क चोकमा लाइट जडान गरिँदै छ । त्यस्तै बाइपास सडकको मालपोत चोकमा लाइट राखिने छ ।

शाखाले अध्ययन गरी सरोकारवालासँग छलफल गरेर बोलपत्रको तयारीमा लागेको उनले जानकारी दिए । यसै आर्थिक वर्षभित्र काम सम्पन्न गर्नेगरी काम अघि बढेको उनको भनाइ छ । भरतपुरमा मात्र एक करोड ५० लाख रूपैँ हाराहारी खर्च लाग्ने अनुमान छ । शाखाले भरतपुर र वीरेन्द्रनगरमा सँगसँगै लाइट जडान गर्ने तयारी गरेको छ । यसअघि पोखरा र नेपालगञ्जका पाँच/पाँच स्थानमा लाइट जडान गरेको थियो ।

भरतपुर महानगरपालिकाकी प्रमुख रेनु दाहालले डिभिजन सडक र ट्राफिक प्रहरी कार्यालयसँग हुने छलफलमा मुख्य चोकमा ट्राफिक लाइट जडानका लागि पहल गर्दै आएको बताइन् । सडक विस्तारका क्रममा रहेकाले ढिलागरी काम हुन लागेको उनले बताइन् । सडक विभागले लाइट राख्ने भएकाले महानगरले बजेट विनियोजन गर्न नपरेको उनको भनाइ छ । उनले भनिन्, 'सडक विस्तारपछि लाइट राख्ने भनिएकाले केही समय ढिलो भएको हो । पहिलेदेखि नै लाइट राख्ने कुरा हुँदै आएको थियो ।' यससँगै सवारी दुर्घटनामा कमी आउने अपेक्षा गरिएको छ ।

# महिलालाई सीप सिकाउँदै स्थानीय तह

**डडेलधुरा (प्रस)-** जिल्लाका स्थानीय तहहरूले महिलालाई सीप सिकाउन थालेका छन् । यहाँको अमरगढी नगरपालिका-५ अमरगढीका महिलाहरूलाई 'ब्युटिसियन' तालिम सञ्चालन गरेको छ । उक्त वडाका वडाध्यक्ष टंक क्षेत्रीका अनुसार वडा कार्यालयको समन्वयमा २० जना महिलालाई ब्युटिसियन तालिम सञ्चालन गरिएको हो । तीन महिने सो तालिमले उनीहरूलाई व्यवसाय गर्न सहज हुने विश्वास गरिएको वडाध्यक्ष क्षेत्रीले बताए ।

